जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९ २०७९ साल साउन ११ गते बुधबार (27 July 2022 Wednesday) मूल्य रु. ५/-





**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निर्माणमा ढिलासुस्तीले सडकपेटीमै.. ३ पृष्ठमा : बेपत्ता परिवारले परिचयपत्र ... ३ पृष्ठमा :कांग्रेस नेता गान्धी..

# राजविराज वडा नं. ४ मतपरिणामको सम्पुर्ण सक्कलै कागजात झिकाउने अदालतको आदेश



श्री
उच्च अदालत जनकपुर, राजविराज इजलास
संयुक्त इजलास
इजलास नं.:-१
माननीय न्यायाधीश श्री हरिप्रसाद भण्डारी
माननीय न्यायाधीश श्री जगत बहादुर थापा
आदेश
मुद्दा नं.:- ०७८-FJ-००६९
र.नं.:- ०५-०७८-०१९३६
मुद्दा:- मत गणना वदर गरी पुनः मतगणना गरी निर्वाचन परीणाम घोषित गरी पाउँ
कोशिम अंसारी.................................................................निवेदक
विरुद्ध
मुख्य निर्वाचन अधिकृतको कार्यालय, राजविराज न.पा. सप्तरी समेत.......................विपक्षी
यसमा निम्नलिखित कार्य सम्पन्न गरी नियमानुसार पेस गर्नु होला:
१. निवेदनपत्रको प्रकरण १० मा उल्लेखित साक्षीहरु निवेदक स्वयंबाट उपस्थित गर्न लगाई बकपत्रका लागि पेश गर्नु।
२. मिति २०७९।१।३० मा सम्पन्न राजविराज नगरपालिका वडा नं. ४ को वडाध्यक्षको निर्वाचनको मतगणना प्रारम्भ देखि मत परिणाम घोषणा सम्मको कार्यका सम्बन्धमा तयार भएका सम्पूर्ण कागजात विपक्षी जिल्ला निर्वाचन कार्यालय, सप्तरीबाट झिकाउनु।
न्यायाधीश न्यायाधीश


रावि वडा नं. ४ का नवनिर्वाचित अध्यक्ष दिनेश साह


रावि वडा नं. ४ का अध्यक्ष पदका उम्मेदवार कासिम अन्सारी

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

राजविराज वडा नं. ४ का वडा अध्यक्ष पदमा एक मतले पराजित भएका वडाध्यक्ष पदका स्वतन्त्र उम्मेदवार कासिम अन्सारीले मतगणना त्रृटीपुर्ण भएको भन्दै पुनः मतगणना गर्नु पर्ने मागसहित दायर गरेको उजुरीमाथी अदालतले निर्वाचनको मतगणना भएदेखि मतपरिणाम घोषणासम्मका सम्पुर्ण सक्कलै कागजात झिकाउने विपक्षिको नाममा आदेश गरेको छ ।

उजुरी उपरको वहस सुनवाइ पछी मुख्य न्यायाधिश हरिप्रसाद भण्डारी र न्यायाधिश जगत बहादुर थापाको संयुक्त इजलासद्वारा जारी आदेशमा "वडाको मतगणनादेखी मतपरिणामको घोषणा भएसम्मका सम्पुर्ण कागजातहरु सक्कलै अदालतमा पठाई दिनु भनी" जिल्ला निर्वाचन कार्यालय सप्तरीलाई आदेश दिएको उल्लेख छ ।

गत जेठ १० गते एक मतले पराजित भएका अन्सारीले मतगणनामा त्रुटीपुर्ण भएको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र नवनिर्वाचित वडाध्यक्ष दिनेश साहलाई विपक्षी बनाई पुनः मतगणनाको मागँ सहित उच्च अदालत जनकपुर राजविराज इजलासमा उजुरी दायर गरेका थिए ।

एक हजार ५ सय २२ मत खसेको उक्त वडा निर्वाचनमा जसपाको तर्फबाट उम्मेदवार रहेका दिनेश प्रसाद साह ३ सय ११ मत ल्याई निर्वाचित भएका थिए ।

तीन सय १० मत ल्याएका अन्सारीले मतगणनामा खटिएका कर्मचारीको लापरवाही तथा निर्वाचित घोषित गरिएका साहका मतगणना प्रतिनीधीको अनावश्यक हस्तक्षेप र दवावमा परिणाम उलटफेर गरिएको दाबी गर्दै आएका छन् ।

अन्सारीका तर्फबाट बरिष्ठ अधिवक्ता भानु निरौला र अधिवक्ता फुल नारायण यादव तथा विपक्षीको तर्फबाट अधिवक्ता शिव कुमार चौधरी र श्याम नारायण साहले बहस गरेका थिए ।

जिल्ला निर्वाचन अधिकारी प्रदिप जोशीले सम्मानित अदालतको आदेश अनुसार उक्त वडाको मतगणना भईसकेको सदर र बदर मतपत्र, मुचुल्का, गणनाको ट्यालीफारम लगायत सम्पुर्ण सक्कली कागजात संकलन गरी दुई साता भित्रै अदालतमा पठाउने जानकारी दिएका छन् ।

# फोहर व्यवस्थापनका लागि डस्टबिन बितरण




**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

राजविराज नगरपालिकाले फोहर व्यवस्थापनका लागि मंगलबारदेखी नगर क्षेत्रका पसलहरुलाई डस्टबिन बितरण गर्ने कार्य शुभारम्भ गरेको छ ।

उपमेयर इसरत परवीनको नेतृत्वमा निस्केको नगरपालिका कर्मचारीको टोलीले बजार क्षेत्रका ५ सय पसललाई डस्टबिन बितरण गरेको हो ।

डस्टबिन बितरण गर्दै पसल संचालकहरुलाई फोहर सोही डस्टबिनमा राख्न र नगरपालिकाका सफाई कर्मचारीहरु ट्याक्टर लिएर आउँदा सोमा फोहर फ्याली सहयोग गरिदिन उपमेयर परवीनले आग्रह समेत गरिन् ।

उनले पसल बाहिर डस्टबिन राख्दा हराउने र चोरी हुने सम्भावना रहेकाले पसल बन्द गर्दा उक्त डस्टबिन सुरक्षित साथ राख्न समेत पसल संचालकहरुलाई भन्दै जथाभावी फोहर गर्नेलाई फोहर व्यवस्थापन नियमावली अन्तरगत कारवाही हुने भन्दै सचेत समेत गराएकी छिन् ।

सोही क्रममा नगरपालिकामा दर्ता भए नभएका पसलहरुको विवरण संकलन कार्य पनि गर्न थालिएको र दर्ता नभएका

*बाँकी अन्तिम पृष्ठमा*

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जग्गा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला ।

**मोवाइल नं. ९८०५९२२९०९, ९८१९९५१४०२**

# गाई चुनाव चिह्न नदिने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाडौँ, १० साउन (रासस) ।

सर्वोच्च अदालतले कमल थापा अध्यक्ष रहनुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललाई 'गाई' चुनाव चिह्न प्रदान नगर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न निर्वाचन आयोगका नाममा अन्तरिम आदेश गरेको छ ।

न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र डा कुमार चुँडालको संयुक्त इजलासले आइतबार उक्त गाई चुनाव चिह्न अन्य कुनै दललाई पनि प्रदान नगर्नु र निर्वाचन आयोगको निर्णय पनि कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश गरेको हो ।

"निर्वाचन चिह्नको विषयमा आयोगसमक्ष कसैले विवाद गरेको भन्ने पनि निर्णयबाट खुल्न आएको पाइएन", आदेशमा भनिएको छ, "निर्वाचन चिह्न राजनीतिक दलको पहिचानसँग जोडिएको विषयसमेत भएबाट निवेदकलाई पुग्न सक्ने हानीसमेतलाई दृष्टिगत गरी प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकले माग गरेको निर्वाचन चिह्न अन्य कुनै दललाई प्रदान नगर्नू ।"

आदेशमा आयोगको गत असार २७ को निर्णय हाल कार्यान्वयन नगर्नसमेत भनिएको छ । साथै, निर्वाचन आयोगलाई सात दिनभित्र लिखित जवाफ पेस गर्न भनिएको छ । निर्वाचन आयोगले देशको राष्ट्रिय जनावर र हिन्दू धर्मसँग जोडिएको उल्लेख गर्दै उक्त पार्टीलाई गाई चुनाव चिह्न दिन अस्वीकार गरेको थियो । आयोगको उक्त निर्णयविरुद्धमा थापाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

### बालश्रम कहिले निरुत्साहित हुने !

बालश्रम भन्नाले बालबालिकाहरु पढ्ने उमेरमा श्रम गर्नु हो । यस्ता श्रमिकलाई सरकारीस्तरबाट निरुत्साहित गर्न विभिन्न बन्देज लगाएपनि खासै उपलब्धी हात लाग्न सकेको छैन् । बालश्रमको अवस्था पहिले जस्तो थियो अहिले पनि यथावतै रहेको छ । बरु बालश्रमिकहरु घट्नुका साटो झनै बढ्दै गएको अवस्था छ । घरको आर्थिक अवस्था कमजोर रहेका कारणले कत्तिपय बालबालिकाहरु दिनभरी पढाई लेखाई गर्नुका साटो बाध्य भई श्रम गर्न पुग्छन् । उनीहरु होटल, घर तथा ईटा भट्टाहरुमा श्रम गरी आफ्नो र परिवारको लालन पालन गर्छन् ।

यो समस्या सप्तरीको मात्र नभएर मुलुकका प्रायजसो सबै स्थानमा रहेको छ । होटल तथा ईटा भट्टामा काम गर्ने बाल मजदुरहरु मध्ये अधिकांशको घरायसी समस्या रहेकाले बालश्रम गर्न बाध्य भएको एक अध्ययनले देखाएको छ । कसैको आमाबुवा नरहेकाले बालश्रम गरिरहेका हुन्छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको गुजारा गरिरहेका हुन्छन ।

सरकारले बालबालिकाहरुलाई उचित शिक्षा दिक्षा दिनका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेपनि त्यसको खासै असर परेको छैन । तसर्थ बालश्रमलाई न्युनीकरण तथा व्यवस्थापनका लागि एउटा ठोस नीति आवश्यक रहेको छ भने ती बालबालिकालाई शिक्षामा पहुँचका लागि सरोकारवाला निकायको गम्भिर ध्यानाकर्षण हुनु आवश्यक छ ।

# निर्माणमा ढिलासुस्तीले सडकपेटीमै सवारीसाधन पार्किङ

अरुणकुमार यादव
राजविराज, १० साउन (रासस) ।

लामो समयदेखि निर्माण थालिएको बसपार्क ढिलासुस्तीका कारण अलपत्र अवस्थामा रहँदासडक पेटीमा सवारीसाधन पार्किङ हुँदै आएको छ । सप्तरीको राजविराजस्थित राजदेवी टोलमा रहेको व्यवस्थित बसपार्क निर्माण कम्पनीको ढिलासुस्तीले गर्दा अहिलेसम्म ६० प्रतिशत पनि काम सम्पन्न नभएकाले बस व्यवसायीले राजविराजको मुख्य सडक पेटीमै गाडी पार्किङ भइरहेको छ ।



समयावधि समाप्त भएको झण्डै दुई वर्ष हुन लाग्दा पनि निर्माण कार्य अलपत्र अवस्थामा छ । राजविराजस्थित राजदेवी टोलमा चारकट्टा जग्गामा थालिएको निर्माण अन्योलमा परेपछि स्थानीयवासी निराश भएका छन् । ढिलाइका कारण राजविराज नगरमा सवारीसाधन लथालिङ्ग अवस्थामा रहँदा सवारी दुर्घटनाको जोखिमसमेत बढेको छ ।

सोह्र वटा वडा रहेको राजविराज नगरपालिकामा बसपार्क लामो समयदेखि नहुँदा नगरवासीलाई आवतजावतका लागि समस्या हुने गरेको छ । सहरी विकास मन्त्रालयबाट रु १६ करोड ३८ लाख ९६ हजार ५१९ मा काम गर्ने ठेक्का पाएको काठमाडौँको कुलेश्वरस्थित सिनर्जी विल्डर्स प्रालीले उक्त बसपार्क निर्माणका लागि २०७४ पुस १६ गते सम्झौता गरेको थियो ।

निर्माण कम्पनीले २०७७ साल पुस १८ गतेभित्र बसपार्क निर्माण गरिसक्नुपर्नेमा सुस्तगतिमा काम गर्दा म्याद सकिदा पनि निर्माणकार्य अलपत्र छ ।

उक्त कम्पनीले समयमै निर्माण सम्पन्न नगर्दा बसपार्क सुस्तगतिमा रहेको स्थानीयवासी प्रवीन यादवले गुनासो गर्नुभयो । काम सुस्त भएको भन्दै सहरी विकास तथा भवन निर्माण विभाग र निर्माण कम्पनीका बीचमा छलफल पनि भएको थियो । छिट्टै बसपार्क निर्माण हुनुपर्ने नगरवासीले जोड दिएका छन् । उक्त बसपार्क २०४४सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहले पहिलो पटक शिलान्यास गर्नुभएको थियो । त्यसपछि २०४६ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले र २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले तेस्रो पटक शिलान्यास गर्नुभएको थियो ।

पटक-पटक शिलान्यास गरी काम गरिए पनि सरोकारवाला निकायको उदासिनताका कारण बसपार्क निर्माणको काम अझै अधुरै रहेको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र रहेको राजविराज बजारमा वर्षौंदेखि सडकमै अस्तव्यस्तरूपमा पार्किङ यथावतै छ । सवारी चालकले ट्राफिक प्रहरीलाई नटेर्दा पनि राजविराजको मुख्य सडकमा अस्तव्यस्त पार्किङको अवस्था वर्षौंदेखि उस्तै नै रहेको छ ।

बसपार्क समयमा निर्माण नहुँदा राजविराजको रुपनी रोड, गजेन्द्र चोक, दर्शन चोक, कुनौली मोड, राममन्दिर मोड र सखडा रोडलगायत स्थानमा अहिले लामो तथा छोटो दूरीका सवारीसाधन पार्किङ भइरहेका छन् । ती चोकमा सडकलाई नै बसपार्क बनाइएका कारण बजारमा हिँड्ने सर्वसाधारणलाई हिँडडुल गर्नसमेत समस्या हुने गरेको गुनासो बढेको छ । मेनरोडको उक्त चोकमा चारैतिर बस, माइक्रोबस र टेम्पो पार्किङ गरेर यात्रु चढाउने ओराल्ने कार्यलेसमेत दुर्घटना हुनसक्ने सम्भावना बढाएको छ । राजविराजको रुपनी रोडदेखि तेतरी गाछीसम्म करिब दुई किलोमिटर सडकमा ठूला बस तथा सानो गाडी पार्किङ गरिएकाले सर्वसाधारणलाई बजारमा हिँड्न सकस भएको राजविराजका आयुष श्रेष्ठले बताउनुभयो ।

यस्तै राजविराजको मुख्य सडकमै काठमाडौँ जाने रात्रिबसले बीच सडकको दुवैतर्फ दैनिक यात्रु चढाउने र ओराल्ने गरेका कारण बेलाबखत सवारी दुर्घटना हुने गरेको नगरवासीको भनाइ छ । यसरी मुख्य सडकमा बस पार्किङ गर्नाले ध्वनी प्रदूषण बढेको, मानिसको स्वास्थ्यमा असर पुऱ्याएको र नगरको सौन्दर्यता पनि गुम्दै गएको छ ।

बजारको मुख्य सडक खण्डमा अव्यवस्थित रूपमा पार्किङ गरिँदा सडक साँघुरो हुनाका साथै ट्राफिक जामसमेत हुने सम्भावना बढेको छ । वर्षौंदेखि पसल अगाडि सडकमै सवारीसाधन राखिँदा राजविराज बजारको ट्राफिक अस्तव्यस्त देखिँदै आएको स्थानीय व्यापारीले बताए । सडकमै अव्यवस्थित पार्किङ गरिँदा दुर्घटना हुने भए पनि सडकमै पार्किङ गर्न बाध्य भएको सम्बद्ध चालकहरूले बताए ।

व्यवस्थित पार्किङस्थल नहुँदा बाहिरबाट आएका सवारीसाधन राख्नका लागि समस्या पर्ने गरेको माइक्रोबस व्यवसायी पवन यादवले बताउनुभयो । पछिल्लो वर्षमा राजविराज सहर बजार परिवर्तन हुन थाले पनि पार्किङ व्यवस्थापनका लागि भने उस्तै रहेको उहाँको भनाइ थियो । व्यवस्थित पार्किङस्थल नहुनु र भएको बसपार्क पनि समयमै नबनेका कारण सडकमै पार्किङ गर्दा दुर्घटनाको डर पनि उत्तिकै छ । सडक किनारमै लहरै सवारीसाधन पार्किङ गरिँदा ठूला बस तथा सवारी साधनलाई आहोरदोहोर गर्न समस्या पर्ने गरेको व्यवसायीय यादवको भनाइ थियो ।

पार्किङको जिम्मेवारी स्थानीय तहले लिनुपर्ने र त्यसका लागि स्थान देखाउनुपर्ने भए पनि स्थानीय तह र सरोकारवाला निकायको कमजोरीका कारण सडकमा पार्किङ भइरहेको नगरवासीको आरोप थियो । यहाँको पार्किङका लागि धेरै पटक कुरा गर्दा पनि बेवास्था गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताउनुभयो । प्रहरीले नियमन गर्न खोज्दा पनि स्थानीय सवारी चालक तथा समितिले अटेरी गरिदिँदा पार्किङलाई व्यवस्थित गर्न सकिएको छैन ।

पर्याप्त जनशक्ति अभाव छ तर पनि जिल्लामा ट्राफिक प्रहरीले नियमन गराउँने प्रयास गर्दासमेत अटेरी गर्ने प्रवृत्तिले समस्या निम्तिएको उहाँको भनाइ थियो । स्थानीय तहले पनि पार्किङका लागि व्यवस्थापन गन पहल गर्नुपर्नेमा प्रहरी नायब उपरीक्षक काफ्लेले जोड दिनुभयो ।

## सङ्क्रमणकालीन न्याय विधेयकमा संशोधन सुझाव

काठमाडौँ, १० साउन (रासस) ।

एम्नेस्टी इन्टरनेशनल, इन्टरनेशनल कमिसन अफ जुरिस्ट्स्, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेशनलले नेपालको सङ्क्रमणकालीन न्यायबारे अन्तरराष्ट्रिय कानुनी मापदण्डअनुरूप हुने गरी विधेयकलाई संशोधन गर्न सुझाव दिएका छन् ।

नेपाल सरकारले ल्याएको विधेयकमा जवाफदेहिता स्थापित गर्ने सवालमा केही सुधारका सङ्केतहरू देखिए पनि अहिलेकै अवस्थाको विधेयकले पीडितलाई पूर्णरूपमा न्याय प्रदान नगर्ने र अन्तरराष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्व पनि पूरा नहुने सुझाव उनीहरुले दिएका हुन् ।

"आफ्ना मागहरू पूरा हुने आशमा व्यग्रतापूर्वक कानुन संशोधनको पर्खाइमा रहेका पीडित र तिनका परिवारहरू निराश भएका छन्," इन्टरनेशनल कोर्ट अफ जस्टिस (आईसीजे) की वरिष्ठ अन्तरराष्ट्रिय कानुनी सल्लाहकार मन्दिरा शर्माले भन्नुभयो, "कानुनमा सुधार गर्ने बाचाका बाबजुद् यदि यस विधेयकलाई अहिलेकै अवस्थामा कार्यान्वयन गर्ने हो भने यसले धेरै पीडकहरूलाई न्यायिक दायरामा ल्याउनबाट जोगाउने छ ।"

सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायका दुई आयोगलाई अन्तरराष्ट्रिय कानुनअन्तर्गतका गम्भीर उल्लङ्घनका पीडकलाई आममाफी दिने अधिकार प्रदान गर्नेलगायतका विभिन्न आधारमा नेपालको आन्तरिक र अन्तरराष्ट्रिय कानुनी दायित्व पूरा गर्न नसक्ने फैसला गरेको थियो ।

नयाँ विधेयकले पहिले रहेका केही आममाफीका प्रावधानहरू हटाएको भए पनि युद्ध अपराध र मानवताविरुद्धको अपराधलाई अभियोजन गर्ने कुरा अझै असम्भव रहेको यी संस्थाहरूले जनाएका छन् । पुनरावेदनको अधिकारमाथिको बन्देजलगायत नयाँ विधेयकका धेरै प्रावधानले अन्तरराष्ट्रिय कानुनी मापदण्डअनुरूप जवाफदेहिता स्थापित गर्नमा पनि रोक लगाउने उनीहरुको भनाइ छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बेपत्ता परिवारले परिचयपत्र कहिले पाउँछन् ?

काठमाडौँ, १० साउन (रासस) ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले बेपत्ता परिवारलाई चाँडोभन्दा चाँडो परिचयपत्र उपलब्ध गराउन माग गरेका छन् । बैठकको शून्य समयमा बोल्दै उहाँहरूले बेपत्ता छानबिन आयोगबाट सिफारिस भएर आएका फाइल अघि बढाई पीडितलाई राहत दिन माग गर्नुभयो ।

सांसद आशाकुमारी विकले १७ वर्ष पुगिसक्दा पनि बेपत्ता परिवारले परिचयपत्र पाउन नसकेको भन्दै तत्काल परिचयपत्रको व्यवस्था गरी पीडितलाई राहत दिन सरकारसमक्ष माग गर्नुभयो । सांसद इन्दुकुमारी शर्माले अहिले नेपालमा पाँच लाखभन्दा बढी नेपाली गैरकानुनी क्रिप्टोकरेन्सी कारोबारमा संलग्न रहेको र यसले बैंक तथा वित्तीय क्षेत्रमा पैसा अभाव हुन थालेको भन्दै यसलाई करको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सांसद कमला रोक्काले रुकुमपूर्वको देउखोलादेखि चीनको नाकासम्म जोड्ने रणनीतिक महत्वको सडक निर्माणमा ढिलाइ भइरहेको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुभयो । सांसद कलिला खातुनले गण्डकी प्रदेशका हरेक क्षेत्रमा गरिएको कर वृद्धिले जनतालाई समस्या भएको भन्दै सङ्घीय सरकारले प्रदेश सरकारसँग समन्वय गरेर कर वृद्धि रोक्न ध्यानाकर्षण गराउनुभयो ।

सांसद कुमारी मेचेले किसानलाई चाँडो मल उपलब्ध गराउन माग गर्नुभयो । सांसद कृष्णगोपाल श्रेष्ठले काठमाडौँको नागार्जुन नगरपालिका–८ मा हाले चितुवाको आक्रमणबाट एकै परिवारका धेरै व्यक्ति घाइते भएको र उक्त क्षेत्रको बफरजोनको पर्खाल भत्किएकाले जङ्गली जनावार गाउँ पस्ने क्रम बढिरहेकाले मर्मतका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कृष्णकुमार दाहालले काठमाडौँको वैकल्पिक राजमार्गका रूपमा रहेको कान्तिपथ निर्माणमा किन ढिलाइ भइरहेको छ भनी प्रश्न गर्नुभयो । सांसद कृष्णबहादुर राईले मतदाता नामावली सङ्कलन कार्यलाई सहज तुल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद केदार सिग्देलले कञ्चनपुरकी निर्मला पन्तको हत्या भएको चार वर्ष बितिसक्दा पनि अपराधी पत्ता लगाउन नसकेको भन्दै घटनामा संलग्न दोषी पत्ता लगाई कानुनी कारबाही गर्न सरकारसमक्ष माग गर्नुभयो । सांसद खेमप्रसाद लोहनीले अरुण खोलाको बाढीबाट २४ वर्षीया शर्मिला रानामगरको निधन भएको भन्दै घटनाका पीडितलाई राहत दिन माग गर्नुभयो ।

सांसद गजेन्द्रबहादुर महतले सुर्खेत–जुम्ला सडक समयमै कालोपत्र गर्न माग गर्नुभयो । सांसद गणेशकुमार पहाडीले सार्वजनिक सुनुवाइलाई कागजरहित बनाउने चालु आवको बजेटमा व्यवस्था भए पनि अझै कार्यान्वयन नभएको भन्दै राहदानी, राष्ट्रिय परिचयपत्रलगायत महत्वपूर्ण कागजात पूर्ण डिजिटलाइज गर्नुपर्ने माग गर्नुभयो ।

सांसद गोमा देवकोटाले किसानले मल र विद्यार्थीले अझै पुस्तक नपाएको भन्दै तत्काल सहजीकरण गरिदिन सरकारसँग आग्रह गर्नुभयो । सांसद गङ्गा चौधरी सदगौवाले निर्मला पन्तको हत्यारा पत्ता लगाई कानुनी कारबाही गर्न माग गर्नुभयो । सांसद घनश्याम खतिवडाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनुर्नेमा जोड दिनुभयो ।

# रेल सेवा विस्तारको तयारीले महोत्तरीमा उत्साह

**गोपालप्रसाद बराल**

महोत्तरी, १० साउन (रासस) ।

जयनगर–जनकपुर–कुर्था खण्डमा सञ्चालित रेल सेवा थप विस्तारको कुराले महोत्तरीमा उत्साह छाएको छ । नेपाल रेल्वे कम्पनीले अब एक महिनाभित्रै सेवा महोत्तरीको भङ्गाहासम्म विस्तार गर्ने बताएसँगै यस भेगका सर्वसाधारणमा खुसी छाएको हो ।

हालजयनगर–जनकपुर–कुर्था खण्डको ३५ किलोमिटरमा सञ्चालित रेल सेवा अब थप १७ किमीमा विस्तार गरिने कम्पनीले तयारी गरेको हो । धनुषाको अन्तिम स्टेशन कुर्थाबाट अब रेल सेवा महोत्तरी प्रवेश गरेर चाँडै भङ्गाहासम्म विस्तार गरिने कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताएपछि यहाँका लोहारपट्टी, बलवा, भङ्गाहा र बर्दिबास नगरपालिका एवं पिपरा गाउँपालिकाका दर्जनौं बस्तीमा रेल चढ्न पाइने कुराले उत्साह छाएको हो ।

"अब त भङ्गाहाको बिजलपुरा स्टेशनसम्म चाँडै रेल चल्छ रे", बर्दिबास नगरपालिका–७ प्रेमनगरका पाका सामाजिक कार्यकर्ता ७० वर्षीय रामेश्वर महतोले भन्नुभयो, "अब जनकपुर हुँदै भारतीय बजार जयनगरसम्म हाम्रो दैनिक आवतजावतमा सहजता हुनेछ ।" बर्दिबास–७ को प्रेमनगर, वडा नं ९, १२ र १३ का क्रमशः पशुपतिनगर, जुडीटोल र भेडियारीटोल बस्ती रेल्वेको बिजलपुरा (भङ्गाहा) स्टेशनबाट टाँसिएका बस्ती हुन् ।

त्यसैगरी लोहारपट्टी, बलवा र भङ्गाहा नगरपालिका एवं पिपरा गाउँपालिकाका ४० भन्दा बढी बस्ती रेल्वेका कुर्था–बिजलपुरा (भङ्गाहा) खण्डका स्टेशनहरु पिपराढी, लोहारपट्टी, सिङ्याही र भङ्गाहा (बिजलपुरा) सँग जोडिएका छन् । कुर्था–बिजलपुरा खण्ड रेल सेवा विस्तार हुनासाथ दुग्ध उत्पादन र तरकारी उत्पादनमा उर्वर मानिने बलवा, भङ्गाहा र लोहारपट्टी नगर क्षेत्रका किसान आफ्ना उत्पादनले तत्काल जनकपुरमात्र नभएर भारतीय बजार पनि पाउने आशले उत्साहित भएका हुन् ।

भर्खरै बिजलपुरासम्म रेल सेवा विस्तारका लागि महाप्रबन्धक झाको नेतृत्वमा सुरक्षा र प्रशासनिक निकायका प्रमुखसहितको टोलीले स्थलगत निरीक्षण अवलोकन गरेपछि अबचाहिँ रेल चढ्न पाइने भयो भन्ने यस भेगका सर्वसाधारणमा आस जागेको छ । वर्षौंदेखि रोकिएको रेल सेवा सञ्चालनको सपना अब पूरा हुने आस पलाएको भङ्गाहा–१ कविलासाका रामशङ्कर मण्डल बताउनुहुन्छ । अब आफ्ना कृषि उपज सोझै जनकपुर र भारतीय बजार जयनगरसम्म तुरुन्तै पुऱ्याउन सकिनेमा मण्डलले खुसी व्यक्त गर्नुभयो ।

जयनगर–बर्दिबास रेल्वे विस्तार परियोजनाको पहिलो खण्ड जयनगर–कुर्थाको ३५ किलोमिटर दूरीमा गत चैतमै सेवा सञ्चालन भइसकेको छ । परियोजनाको दोस्रो खण्ड कुर्था–भङ्गाहामा सेवा सञ्चालनका लागि सबै भौतिक संरचना तयार रहेका हुँदा अब साउनभित्रै रेल चलाइने कम्पनीका महाप्रबन्धक झाको प्रतिबद्धता छ ।

"अब दोस्रो खण्डमा रेल सेवा सञ्चालनमा भौतिक तयारी पूर्ण छ, बस्, संरचना तयार गर्ने निर्माण कम्पनीले हामीलाई भौतिक संरचना हस्तान्तरण गर्न बाँकी छ", महाप्रबन्धक झाले भन्नुभयो, "हस्तान्तरण प्रक्रियाका काम अघि बढेका छन्, अब साउनभित्रै दोस्रो खण्डमा सेवा सञ्चालन गर्न सकिन्छ ।" दोस्रो खण्डमा रेल चल्न थालेपछि यो परियोजनाभित्रको ५२ किमी दूरीमा सेवा पुग्नेछ । बिजलपुराबाट बर्दिबाससम्मको तेस्रो खण्डको १८ किमी दूरीमा पनि दोस्रो खण्डमा सेवा सञ्चालन भएलगत्तै निर्माणकार्य अघि बढ्ने महाप्रबन्धक झाको भनाइ छ ।

अहिलेसम्मको कामको प्रगतिले यही साउन ३० गते (अगष्ट १५ तारिख)का दिन सेवा विस्तार गरिने तयारी रहेको नेपाल रेल्वे कम्पनीले जनाएको छ । भारतको इर्कन कम्पनीले निर्माण गरेको दोस्रो खण्डको संरचना सो पक्षले हस्तान्तरण गर्नासाथ सेवा विस्तारको मिति तय गरिने महाप्रबन्धक झाको भनाइ छ ।

"अब परियोजनाको कामले गति लिएको हुँदा तेस्रो खण्ड (बिजलपुरा–बर्दिबास)को निर्माणकार्य पनि चाँडै सुरु गरिनेछ", महाप्रबन्धक झाले सञ्चारकर्मीसँगको कुराकानीमा भन्नुभयो, "अब निर्माण कार्य अघि बढाउन अड्चन छैनन् ।" यसअघि तेस्रो खण्डको जग्गा मुआब्जा समयमा नहुँदा निर्माण काम अघि बढ्न सकेको थिएन । "अब प्रस्तावित जग्गा रेल्वेको नक्सामा आइसकेको छ, पहिलेका जग्गाधनिले धमाधम मुवाब्जा लिइरहेका छन्, तेस्रो खण्डको काम छिट्टै सुरु हुन्छ", उहाँले भन्नुभयो ।

सन् २०१० मा भारत सरकारको आर्थिक सहयोगमा रेल सञ्जाल विस्तार गर्न भारत सरकारसँग सम्झौता भएको थियो । भौतिक पूर्वाधार तथा रेल्वे लिक निर्माणको ठेक्का पाएका भारतीय इर्कन इन्टरनेशनल कम्पनीले सन् २०११ जनवरीदेखि निर्माणकार्य थालेको थियो ।

तीन खण्डमा निर्माण काम गरिने तालिकाअनुसार पहिलो र दोस्रो खण्डको निर्माण कार्य सम्पन्न भएपछि अब तेस्रो खण्डको काम थालिने तयारी बढेको हो । गत चैत १९ गते भारतको दिल्लीस्थित हैदराबाद हाउसबाट प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा पहिलो खण्ड (जयनगर–जनकपुर–कुर्था)को रेल सेवा सञ्चालनको भर्चुअल माध्यमबाट हरियो झण्डा देखाएर उद्घाटन गर्नुभएको थियो । त्यसयता जयनगर–जनकपुर–कुर्थासम्म दैनिक दुईपटक रेल सेवा सञ्चालन हुँदै आएको छ । अब बिजलपुरासम्म रेल सेवा सुरु भएपछि यसको सेवा दूरी ५२ किलोमिटर हुनेछ ।

भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेलवे विस्तारको काम सुरु गरिएको हो । विसं १९९४ जुद्ध शम्शेरका पालामा सुरु भएको बिजलपुरा–जनकपुर–जयनगर ५२ किमी रेलमार्ग विसं २०५८ को बर्खे भेलले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि सेवा जनकपुर–जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो । पछि ब्रोडगेज रेल्वे विस्तारको काम थालिएपछि त्यो सेवा पनि रोकिएको थियो ।

सन् २०१९ भित्रै रेल सञ्जाल विस्तारको निर्माण काम सम्पन्न गरिने प्रारम्भिक लक्ष्य लिइएको थियो । मुलुकको राजनीतिक उतारचढाव, बाढी प्रकोप र जग्गा मुआब्जा निर्धारणमा भएको ढिलाइले समयमा काम सम्पन्न गर्न नसकिएको रेल विभागले जनाएको छ । नेपालमा पहिलो रेल सेवा विसं १९८४ मा चन्द्रशम्शेरको पालामा रक्सौल–अमलेखगञ्ज सुरु भएको थियो ।

नेपाल र भारत सरकारबीच सन् २०१० मा भएको रेल विस्तार परियोजनासम्बन्धी सम्झौता भएर यो काम अघि बढेको हो । सम्झौतामा जग्गा नेपाल सरकारले उपलब्ध गराउने र निर्माणसम्बन्धी सम्पूर्ण खर्च भारत सरकारले गर्ने सम्झौताअनुसार अहिलेसम्म ५२ किमी दूरीभित्र रेल्वे ट्र्याक, स्टेशन भवन, पुलपुलेसा, खानेपानी, विद्युत्लगायतका सबै संरचना भारतले बनाएको हो । अब तेस्रो खण्डमा पनि निर्माण काम भारतले गर्नेछ । यस परियोजनामा भारत सरकारले रु सात अर्ब २० करोड रकम सहयोग गर्ने सम्झौता भएको थियो । तालिकाअनुसारको अवधिभित्रै निर्माणकार्य सम्पन्न हुन नसक्दा पछिल्लो मूल्यवृद्धिले लागत बढाएको छ ।


डा. आदर्श कुमार सिंह

Dr. Adarsh Kumar Singh

MBBS, MD TU

NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### कांग्रेस नेता गान्धी पक्राउ

नयाँदिल्ली, १० साउन (रासस/एएनआई) ।

नेशनल हेराल्ड मुद्दामा पार्टी अध्यक्ष सोनिया गान्धीलाई मुद्रा निर्मलीकरण, विदेशी मुद्रा कारोबार, कर छलिलगायत विषयमा अनुसन्धान गर्ने निकाय इन्फोर्समेन्ट डाइरेक्टोरेट (इडी)ले सोधपुछ गरेको विरोधमा धर्ना बसेका काङ्ग्रेस नेता राहुल गान्धीलाई प्रहरीले हिरासतमा लिएको छ ।

धर्नास्थल विजयचोकबाट पार्टीका सांसद, नेता तथा कार्यकर्ता राष्ट्रपति भवनतर्फ प्रस्थान गर्ने तयारी गरिरहेका बेला उनलाई हिरासतमा लिइएको हो । नेता गान्धीसहित अन्यलाई पनि नियन्त्रणमा लिएर पार्लियामेन्ट स्ट्रिटस्थित प्रहरी कार्यालयमा राखिएको छ । इडीले शक्तिको दुरूपयोग गरी विपक्षी दलकी नेत्री गान्धीलाई दुःख दिएकामा काङ्ग्रेसका कार्यकर्ताले देशव्यापीरूपमा विरोध प्रदर्शन गरिरहेका छन् ।

"बढ्दो महँगो र बेरोजगारीका बारेमा संसदमा बोल्न पाइँदैन, सडकमा धर्ना बस्दा प्रहरीले गिरफ्तार गर्छ," प्रहरी हिरासतमा परेपछि राहुल गान्धीले भनेका छन् । पार्टीका धेरै सांसदलाई पनि गान्धीसँगै पक्राउ गरिएको छ ।

### पानीमा डुबेर बङ्लादेशमा एक वर्षमा १४ हजार बालबालिकाको मृत्यु

ढाका, १० साउन (रासस/सिन्ह्वा) ।

पानीमा डुबेर बङ्लादेशमा एक वर्षमा १४ हजार बालबालिकाको मृत्यु हुने गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय दुई मुख्य निकायले सार्वजनिक गरेको विवरण अनुसार बालबालिकाको मृत्यु हुने कारणमध्ये डुबेर मृत्यु हुनेको सङ्ख्या दोस्रो धेरै देखिएको छ । यो अवस्था ५ वर्षभन्दा कम उमेरका बालबालिकामा देखिएको पनि अधिकारीले जनाएका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले विश्व डुबान रोकथाम दिवसका अवसरमा प्रेस वक्तव्य जारी गर्दै डुबानले पारेको असर सम्बन्धी विवरण सार्वजनिक गरेको हो ।

दुवै निकायले सरकार, विकास साझेदार, समुदाय र रहेक व्यक्तिले डुबानका कारण हुने क्षति न्युनिकरणका लागि उच्च प्राथमिकताका साथ काम गर्न पनि आह्वान गरेका छन् ।

विशेष गरेर सचेतनामूलक कार्यक्रम र भौतिक संरचना निर्माणकार्य गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

"बङ्लादेशमा मात्रै पानीमा डुबेर हरेक वर्ष यति धेरै बालबालिकाको मृत्यु हुने गरेको छ भन्ने विवरण सनाउनु पर्दा धेरै दुःख लागेको छ," बङ्लादेशका लागि युनिसेफका प्रतिनिधि शेल्डन यतले भन्नुभयो ।

पानीमा डुबेर विश्वभरी पछिल्लो समय हरेक वर्ष दुई लाख ३० हजारभन्दा बढीको मृत्यु हुने गरेको पनि उहाँले जानकारी दिनुभयो ।

पानीमा डुबेर मृत्यु भएका हरेक १० जना मध्ये नौ जना मध्य तथा न्युन आय भएका देशका बालबालिका रहेका छन् ।

### अमेरिकामा एक करोड चालीस लाखभन्दा बढी बालबालिकामा कोरोना

लस एन्जलस, १० साउन (रासस/सिन्ह्वा) ।

अमेरिकामा कोरोना भाइरसको प्रकोप सुरु भएदेखि यता एक करोड ४० भन्दाबढी बालबालिकालाई कोरोना सङ्क्रमण भएको पाइएको छ । यहाँको अमेरिकन एकेडमी अफ पेडियाट्रिक्स (एएपी) र बाल अस्पताल संस्थाले सो कुराको जानकारी दिएको बताइएको छ ।

उक्त संस्थाहरुले गएको ४ हप्तामा मात्र यहाँ कम्तीमा पनि तीन लाख ११ हजार जना बालबालिकामा कोभिडको सङ्क्रमण भएको पाइएको छ । यहाँ सन् २०२२ मा मात्र अनुमानित ६१ लाख बालबालिकालाई कोभिडको सङ्क्रमण भएको देखिएको एएपीले जनाएको छ ।

यहाँ उमेर समूहअनुसार कसलाई कुनरुपमा कोभिडको सङ्क्रमण भयो र के कस्तो असर गऱ्यो भन्ने विषयको अनुसन्धान आवश्यक रहेको देखिएको बताइएको छ ।

सो सम्बन्धी अनुसन्धानबाट बालबालिकामा देखिएको कोभिडको असरका साथै मानसिक तथा अन्य असर पत्ता लगाउनुपर्नेमा पनि सो संस्थाले जोड दिएको छ ।

कोभिडको सङ्क्रमण सुरु भएपछि अमेरिकामा धेरै मानिसको मृत्यु भएको छ । यसको असर यहाँ बालबालिकामा पनि परेको स्वस्थ्य अधिकारीहरुको भनाई छ ।

### श्रीलङ्कामा मास्क अनिवार्य गर्न सिफारिस

कोलम्बो, १० साउन (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा घर बाहिर जाँदा मास्क अनिवार्य लगाउनु पर्ने व्यवस्था गर्न लागिएको छ ।

कोरोना भाइरसको महामारी फेरि बढ्न थालेपछि स्वास्थ्य अधिकारीले मास्क लगाउन अनिवार्य गर्नुपर्ने सिफारिस गरेका हुन् ।

भीडभाड भएका ठाउँमा जाँदा, सार्वजनिक सवारी साधनमा यात्रा गर्दा मास्क लगाउनु पर्ने नियमलाई कडाइका साथ पालना गराउन पनि सिफारिस गरिएको छ ।

स्वास्थ्य सेवा महानिर्देशक असेला गुनावार्डेनाले नयाँ सङ्क्रमितहरुको सङ्ख्या वृद्धि हुँदै गएकाले सतर्कता पनि बढाउनु पर्नेमा जोड दिनुभयो ।

विशेषगरी देशको पश्चिमी प्रान्तमा महामारी धेरै फैलिँदै गएको पनि उहाँले मङ्गलबार जानकारी दिनुभयो ।

महामारी सुरु भएदेखि नै मास्क अनिवार्य गरेको श्रीलङ्काले गत जुनदेखि मास्क अनिवार्य गरिएको नियम हटाएको थियो ।

# मङ्कीपक्सको जोखिम न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, १० साउन (रासस) ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा नेकपा (एमाले) का सचिव योगेशकुमार भट्टराईले विश्वलाई आक्रान्त बनाइरहेको मङ्कीपक्सको जोखिम नेपालमा हुन नदिन आवश्यक पूर्व तयारी अपनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा महत्वपूर्ण सार्वजनिक महत्वको विषयबारे समय मागेर बोल्दै उहाँले मङ्कीपक्स जनस्तरमा सचेतना फैलाउन र सीमा नाकामा कडाइ गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो । "मङ्कीपक्सले विकसित मुलुकलाई आक्रान्त तुल्याएको छ । नेपाल सरकारले यसबारे सार्वजनिक ढङ्गले सुसूचित गरेको छैन । सीमामा साइनबोर्ड, विमानस्थलमा सचेतना सन्देश राखिएको छैन । खुला सिमाना भएकाले भारतमा समेत देखिइसकेकाले बेलैमा पूर्व तयारी र आवश्यक सतर्कता अपनाउन सरकारसमक्ष माग गर्दछु", सांसद भट्टराईले भन्नुभयो ।

उहाँले काठमाडौँ उपत्यकामा हैजाको जोखिम बढेको भन्दै आवश्यक सुरक्षा सतर्कता अपनाउनेबारे सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुभयो । काठमाडौँ उपत्यकामा ३४ जना हैजाका बिरामी भेटिइसकेका छन् भन्दै उहाँले समुदायस्तरमा हैजाको महामारीको रुप लिन नदिन राजधानी उपत्यकाका सबै खानेपानी र पिउने पानीका मुहानको गुणस्तरमापन परीक्षण गरेर जनस्तरमा सचेतना फैलाउन जरुरी भएको उल्लेख गर्नुभयो ।

सांसद भट्टराईले कोभिडको नयाँ प्रजाति देखिएकाले त्यसको नियन्त्रणबारे सदनलाई जानकारी गराउन सरकार समक्ष माग गर्नुभयो ।

सांसद खगराज अधिकारीले अमेरिकी स्टेट पार्टनर्ससिप प्रोग्राम (एसपीपी) मा सहभागी नहुने भनेर पत्र पठाइएको विषयबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो ।

सांसद अञ्जना विशङ्खे, अम्रिता थापा मगरलगायतले अष्ट्रेलियामा भइरहेको आइपिएसको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका प्रधान सेनापतिलाई कसरी पठाइयो भनी प्रश्न गर्नुभयो ।

# यातायात कार्यालयबाट २२ करोड ३० राजस्व संकलन

जनकपुरधाम, १० साउन (रासस) ।

मधेस प्रदेश सरकारले सवारी करमा लाग्ने जरिवाना छुट गरेपछि जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा रु २२ करोड ३० लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

कार्यालयका अनुसार आव २०७८/७९ रु ५५ करोड ५६ लाख ६८ राजस्व सङ्कलन भएको हो । सवारी करबाट रु ४२ करोड २२ लाख ३४ हजार ८७, सवारीचालक अनुमतिपत्र तथा नवीकरणबाट रु १२ लाख एक हजार १६१ तथा नयाँ सवारी दर्ता र रुट परमिटबाट रु एक करोड ३२ लाख चार हजार ९८१ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख वीरेन्द्रकुमार साहले जानकारी दिनुभयो । यो आव २०७७/७८ को भन्दा रु २२ करोड ३० लाख बढी हो । अघिल्लो आर्थिक वर्षमा रु ३९ करोड २२ लाख राजस्व सङ्कलन भएको थियो ।

यस्तै आव २०७८/७९ मा १६ हजार १८७ मोटरसाइकल, ५११ ट्र्याक्टर, ४७१ टेम्पु, २८२ इ-रिक्सा, २३८ जिप/कारलगायत १५ हजार ९२० नयाँ सवारी साधन दर्ता भएको उहाँले बताउनुभयो । कार्यालय प्रमुख साहका अनुसार सो आवमा २० हजार ६७२ जनालाई नयाँ चालक अनुमतिपत्र वितरण गरिएको थियो भने २२ हजार ७५० सवारी साधन नवीकरण गरिएको थियो ।

मधेस प्रदेश सरकारले पाँच वर्षभन्दा बढी समयदेखि नवीकरण नगराएका सवारीसाधनलाई नवीकरणमा लाग्ने जरिवाना छुट दिनु, नयाँ सवारीसाधनको दर्ता बढ्नु र कर्मचारीले इमान्दारितापूर्वक कार्यालय समयमा बसेर काम गर्नाले गत आवमा राजस्व सङ्कलन उल्लेखीय बढेको उहाँको भनाइ थियो ।


## हार्दिक बधाई एवं शुभकामना



हेटौंडामा सम्पन्न नेपाल प्रेस युनियनको नवौं महाधिवेशनमा सप्तरीबाट **मिथिलेशकुमार यादव** र **सुधा देव** केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**नवीनकुमार गुप्ता**
**कोषाध्यक्ष**
**नेपाल पत्रकार महासंघ सप्तरी**


# मानव संसाधन विकासमा जापानाको ३५ करोड सहयोग

काठमाडौँ, १० साउन (रासस) ।

नेपालको मानव संसाधन क्षेत्रको विकासका लागि जापान सरकारले रु ३५ करोड १५ लाख ४८ हजार ६७५ (३७ करोड ६० लाख जापानी येन) बराबरको सहयोग उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनी र यहाँस्थित जापानी दूतावासका चार्ज डि अफेयर्स तामुरा ताकाहिरोले सहयोगसम्बन्धी सम्झौतापत्र आदानप्रदान गर्नुभयो । द्विपक्षीय सहयोग सम्झौतामा भने अर्थमन्त्रालयका सहसचिव ईश्वरीप्रसाद अर्याल र जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का प्रतिनिधि तानाका तोमोकोले हस्ताक्षर गर्नुभयो ।

जापान सरकारले मानव संसाधनको विकासमा चरणबद्ध रूपमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । सो कार्यक्रम अन्तर्गत २० जनाले स्नातकोत्तर र दुई जनाले विद्यावारिधि कार्यक्रमका लागि छात्रवृत्ति पाउने छन् । विश्वविद्यालयको खर्च, आवास खर्च, बीमालगायतमा खर्च गर्ने गरी सहयोग उपलब्ध भएको हो । स्नातकोत्तर कार्यक्रम दुई वर्षको र विद्यावारिधि तीन वर्षको हुनेछ ।

कर्मचारीले पाउने उक्त छात्रवृत्तिले प्रभावकारी रूपमा नागरिकको सेवा गर्ने भावनाको विकास गर्ने विश्वास लिइएको छ ।

***फोहर व्यवस्थापनका...***

पसललाई अविलम्ब नगरपालिकामा दर्ता गराउन सचेत पनि गराउन थालिएको छ ।

यस्तै विगतमा नगरको फोहर संकलन बिहानको समयमा हुँदै आएकोमा अब साँझको समयमा समेत फोहर संकलन र व्यवस्थापनको काम हुने नगरपालिकाले जनाएको छ ।

# थप ६ सय ३८ मा कोरोना संक्रमण पुष्टि, दुईको मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौँ, १० साउन ।**

देशभर पछिल्लो २४ घण्टामा ६ सय ३८ मा कोभिड संक्रमण पुष्टि हुनुका साथै दुई जनाको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा पाँच हजार ५५ को नमूना परीक्षण गरिएको थियो । दुई हजार २ सय १५ ले पिसिआर र दुई हजार ८ सय ४० को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा २ सय १८ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६८ हजार ८ सय २ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा दुई लाख ५७ हजार ८ सय ७८ ले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या तीन हजार ७१४ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५९ पुगेको छ । होम आइसोलेसनमा तीन हजार ५८१, संस्थागत आइसोलेसनमा १३३, आइसियुमा ३० र भेण्टिलेटरमा एक जना संक्रमित रहेका छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौँ र २०० भन्दा बढी संक्रमित रहेको जिल्लामा ललितपुर तथा मोरङ रहेका छन् । शून्य संक्रमित रहेका जिल्लामा मनाङ, जाजरकोट, कालीकोट, मुगु, हुम्ला र बाजुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार ४०, ललितपुर ३८१ र भक्तपुरमा ८४ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।


सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं।

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं।
- आर्थिक बर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं।
- भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*